## कोरोना भाइरससम्बन्धी प्रदेश ५ को अवस्था

बाँके । ०७७ वैशाख ३ गते

कोरोना भाइरस रोकथाम र नियन्त्रणका लागि प्रदेश सरकारको मन्त्री परिषद्को वैशाख ३ गते बसेको बैठकले स्थानीय तहलाई कोरोना विशेष अनुदान दिने निर्णय गरेको छ ।

प्रदेशका १ सय ९ वटा स्थानीय तह र र १२ जिल्ला समन्वय समितिलाई रकम दिने निर्णय गरेको हो । प्रदेश ५ को प्रदेश सभा सचिवालयले साढे आठ करोड भन्दा बढी रकम प्रदेश सरकारलाई फिर्ता गरेको छ ।

प्रदेश सरकारबाट प्राप्त पूर्वाधार विकास, अवलोकन भ्रमण, कार्यालय खर्च, सामान खरिद लगायतका विभिन्न शिर्षकको बजेट कोरोना नियन्त्रणका लागि प्रदेश सरकारलाई नै फिर्ता गरिएको प्रदेशसभाका सभामुख पूर्णबहादुर घर्तीले बताउनु भयो ।

इन्सेक रुपन्देही जिल्ला प्रतिनिधि रीमा बिसीका अनुसार प्रदेश ५ सरकारको वैशाख ३ गते बसेको मन्त्री परिषद्को बैठकले विश्वमा फैलिएको कोरोना भाइरसको रोकथाम र नियन्त्रणका लागि स्थानीय तहलाई कोरोना विशेष अनुदान दिने निर्णय गरेको छ ।

जसअनुसार बुटवल, घोराही र तुलसीपुर उपमनपालाई २० लाख ,नेपालगञ्ज उपमनपालाई २५ लाख, सिद्धार्थनगर नपालाई २० लाख रुपैँया दिने निर्णय गरेको छ । यसै गरी प्रदेश भित्रका अन्य ३१ नपाहरुलाई १५ लाख र प्रदेश भित्रका ७३ वटा गाउँपालिकाहरूलाई १० लाख रुपियाँ र प्रदेशका १२ वटै जिल्ला समन्वय समितिलाई ५ लाख रुपियाँका दरले ६० लाख रुपियाँ दिइने निर्णय गरेको छ ।

प्रदेशको निर्णय अनुसार जिल्ला समन्वय समितिले जिल्लामा भएका कामहरुको प्रभावकारी रुपमा अनुगमनको गर्नुपर्ने, जिल्ला समन्वय समितिका प्रमुखले प्रदेशसभा सदस्यलाई अनिवार्य अनुगमनमा सहभागी गराउनुपर्ने , प्राप्त रकम स्थानीय तहहरूले आफूले सञ्चालनमा ल्याएको कोरोना भाइरस नियन्त्रण तथा राहत सम्बन्धी कोषमा जम्मा गरी मापदण्डका आधारमा मात्र खर्च गर्नुपर्ने, स्थानीय तहले सञ्चालन गरेको क्वारेण्टाइन व्यवस्थापनमा खर्च गर्नुपर्ने, लकडाउनबाट अति प्रभावित हुने श्रमिक तथा निम्न वर्गीय व्यक्तिको दैनिक जीवनयापनलाई सहज बनाउन राहत प्रदान गर्नुपर्ने भएमा खाद्यान्न खरिद गरी वितरण गर्नुपर्ने र त्यस्ता वर्गको पहिचान र राहत वितरण सम्बन्धित स्थानीय तहहरूको वडा कार्यालय मार्फत खर्च गर्ने व्यवस्था मिलाउने, प्रचलित आर्थिक कार्यविधि सम्बन्धी कानुन र कोषबाट भएको खर्च रकमको लेखापरीक्षण अनिवार्य गराउनु पर्ने निर्णय भएका छन् ।

यसैगरी प्रदेश ५ को प्रदेश सभा सचिवालयले साढे आठ करोड भन्दा बढी रकम प्रदेश सरकारलाई फिर्ता गरेको छ । कोरोनो भाइरस रोकथाम, नियन्त्रण र उपचारमा सहयोग होस् भन्ने उद्देश्यले उक्त रकम फिर्ता गरेको प्रदेशसभा सचिवालयले जनाएको छ ।

प्रदेश सरकारबाट प्राप्त पूर्वाधार विकास, अवलोकन भ्रमण, कार्यालय खर्च, सामान खरिद लगायतका विभिन्न शीर्षकको बजेट कोरोना नियन्त्रणका लागि प्रदेश सरकारलाई नै फिर्ता गरिएको प्रदेशसभाका सभामुख पूर्णबहादुर घर्तीले बताउनुभयो ।

यसैगरी रुपदेहीको भैरहवामा रहेको प्रदेश जनस्वास्थ्य प्रयोगशालामा अहिलेसम्म ९४ जना कोरोनाका शङ्कास्पद व्यक्तिहरूको नमूना परीक्षण गरिएको छ । जसमा ८६ जनाको रिपोर्ट नेगेटिभ आएको र आठ जनाको रिपोर्ट आउन बाँकी रहेको प्रदेश जनस्वास्थ्य प्रयोगशालाका निमित्त प्रमुख डा. राजेन्द्र कुमार गिरीले बताउनुभयो ।

इन्सेक अर्घाखाँची जिल्ला प्रतिनिधि नारायण भुसालका अनुसार वैशाख ३ गते सरकारले घोषणा गरेको लकडाउनलाई थप कडा र व्यवस्थित बनाइएको छ । लकडाउनको उल्लङ्घन गर्ने ४६ वटा साना

ठुला सवारी साधन र ३ सय ६१ जना व्यक्तिलाई कारवाहीको दायरामा ल्याइएको डिएसपी प्रकाश बिष्टले जानकारी दिनुभयो ।
अर्घाखाँची जिल्लामा क्वारेण्टाइनमा राखिएका १६ जनाको आरडीटी परीक्षण पछि रिर्पोट नेगेटिभ आएको जिल्ला अस्पतालका प्रमुख कपिल गौतमले जानकारी दिनु भयो ।
रुपन्देही जिल्लाको भैरहवामा व्यवसाय गरी बस्ने पाणनी गाउँपालिकाका- ३ का सात जना पैदल घर आएका छन् । उनीहरू सबैलाई होम क्वारेण्टाइनमा राखिएको गाउँपालिका अध्यक्ष अच्युत गौतमले जानकारी दिनु भयो ।
सितगङ्गा नगरपालिका ले अति विपन्न परिवारलाई राहात वितरण सुरू गरेको छ । बाहिरी जिल्लाबाट पास लिएर जिल्ला भित्रिनेको सङ्ख्या बढ्दै गएकोले अर्घाखाँची जिल्लाको अनुमति लिएर मात्र जिल्ला प्रवेश गराउने निर्णय गरेको छ ।
।
इन्सेक कपिलवस्तु जिल्ला प्रतिनिधि पार्बती अचार्यका अनुसार यस अघि क्वारेण्टाइनमा रहेका सबैलाई आरडीटी परीक्षण र स्वाव परीक्षण रिपोर्ट नेगेटिभ आएपछि घर फर्काइएको छ । जिल्लामा हाल २ सय ८८ जना क्वारेण्टाइनमा रहेका छन् ।
नेपाल भारत सिमा क्षेत्र पूर्ण रुपमा बन्द गरिएको छ । लकडाउन अवधि थपेसँगै गृह मन्त्रालयले दिएको निर्देशनका आधारमा स्थानिय प्रशासनले जिल्ला भरका सार्वजनिक धार्मिक स्थलको एकै साथ अनुगमन गरिएको प्रमुख जिल्ला अधिकारी दिर्घ नारायण पौडेलले बताउनु भयो । जिल्लामा १ सय ९४ मदरसा, मस्जीद, १ सय ५ मन्दिर, १९ चर्च र ५ गुम्बा लगायतका सामुहिक भेला तथा जम्मा हुने सार्वजनिक स्थल रहेका छन् ।
भारतमा कोरोनाको सङ्मण बढ्दै गएपछि कपिलवस्तुको सिमा क्षेत्रमा सशस्त्र प्रहरीले कडाइ गरेको छ । सिमाक्षेत्र निगरानीका लागि जिल्लामा १ हजार ४ सय ५० जना सशस्त्र प्रहरीलाई खटाईएको छ ।
बुद्धभूमी नपाले विपन्न र असङ्गठित मजदुरहरूलाई राहत वितरण गर्न सुरू गरेको छ । नगरपालिकाका १० वटै वडाका २ हजार ८ सय ५१ घर परिवारलाई राहत वितरण गर्न सुरू गरेको हो ।
इन्सेक रोल्पा जिल्ला प्रतिनिधि हरिसरा घर्तीका अनुसार कोरोना भाइरस सङ्क्रमण तथा रोकथामका लागि देशका विभिन्न स्थानबाट आएका व्यक्तिहरूलाई स्थानीय तहले क्वारेण्टाइनमा राख्दै आएको छ । जसअनुसार लुग्री गाउँपालिकाको क्वारेण्टाइनमा राखिएका ८३ जनालाई तोकिएको मापदण्ड अनुसार १४ दिन राखेर घर पठाइएको लुग्री गाउँपालिकाका स्वास्थ्य संयोजक लेपेन्द्र बुढाथोकीले जानकारी दिनुभयो । यसैगरी माडी गाउँपालिकाको क्वारेण्टाइनमा राखिएका ४६ जनालाई आरडिटी परीक्षण नगरी घर पठाइएको छ ।
इन्सेक नवलपरासी पश्चिम जिल्ला प्रतिनिधि नारायण पराजुलीका अनुसार जिल्लाका विभिन्न स्थानीय तहमा राखिएको ५१ जनाको आरडिटी परीक्षण गरिएको छ । परीक्षण गरीएका सबैको रिर्पोट नेगेटिभ आएको र उनीहरूलाई होम क्वारेण्टाइनमा बस्ने गरी घर पठाइएको जिल्ला स्वास्थ्य कार्यलयका प्रमुख गौरब ढकालले बतानु भयो ।
प्रदेश सरकारले २ सय ८० थान किट उपलब्ध गराएको छ । रिर्पोट नेगेटिभ अएकालाई घर पठाएपछि हाल जिल्लाका कावारेण्टाइनहरुमा १ सय १० जना रहेका छन् ।

इन्सेक बाँके जिल्ला प्रतिनिधि स्मृति देवकोटाका अनुसार स्थानीय प्रशासनले नेपालगञ्जका विभिन्न धार्मिक स्थलहरूको अनुगमन गरी निगरानी बढाएको छ । कोरोनाको सम्भावित सङ्क्रमण रोकथाम

तथा न्यूनिकरण गर्नको लागि मन्दिर, मस्जिद तथा मदरसा लगायतका धार्मिक संस्थाहरू र त्यसमा आश्रय लिएका व्यक्तिहरूको अवस्थाको बारेमा जानकारी लिएको छ ।
सम्भावित सङ्क्रमण रोकथाम तथा न्यूनिकरण गर्नकोलागि धर्मगुरु, मौलाना, स्थानीय जनप्रतिनिधि सहित जिल्ला सुरक्षा समितिका सदस्यहरुको सहभागितामा अनुगमन गरिएको प्रमुख जिल्ला अधिकारी कुमारबहादुर खड्काले जानकारी दिनु भयो ।
यसैगरी कोरोना भाइरसको सङ्क्रमणका बेला सरकारलाई निःशुल्क रुपमा उपलब्ध गराएको ह्याण्ड सेनेटाइजर बिक्री गरेको पाइएपछि नेपालगञ्जस्थित कमला मेडिसिनलाई शीलबन्दी गरेको छ ।
एस आर ड्रग कम्पनीले निःशुल्क रुपमा उपलब्ध गराएको सेनेटाइजर नेपाल सरकार मार्फत स्वास्थ्य तथा जनसख्या मन्त्रालयलाई निःशुल्क रुपमा उपलब्ध गराएको उक्त ह्याण्ड सेनेटाइजर विक्रि गरिरहेको खबर पाएपछि बाँके प्रहरीले अनुसन्धान थालेको थियो । एसआर केयर ह्याण्ड सेनेटाइजर ५ सय एमएल प्रति बोतल ६ सय रुपियाँमा बिक्री वितरण गरेको पाइएपछि प्रहरीले उक्त कम्पनीमा छापा मारेर शीलबन्दी गरी अनुसन्धान थालेको छ ।
इन्सेक प्यूठान जिल्ला प्रतिनिधि रविन्द्र पाण्डे का अनुसार जिल्ला प्रशासन कार्यालयले सूचना जारी गर्दै जो जहा त्यही बस्न  अपिल गरेको छ । कोरोना भाइरस सङ्क्रमण रोकथामका लागि नेपाल सरकारद्वारा जारी लकडाउनको पूर्ण पालना गर्न जिल्ला प्रशासन कार्यालयले अनुरोध गरेको छ । जिल्लामा एम्बुलेन्सहरुको दुरुपयोग बढेको गुनासो आएसँगै प्रहरीले चेकजाच गर्दा प्यूठान नपाको - ७ बाग्दुलामा जिल्लाका विभिन्न ठाँउका पाँच जना यात्रु बोकेको भारतीय भुपु सैनिकबाट सञ्चालित लु १ च २१३६ नम्बरको एम्बुलेन्स नियन्त्रणमा लिनुको साथै चालकलाई गिरफ्तार गरेको जिल्ला प्रहरी कार्यालयका इन्स्पेक्टर विष्णु पौडेलले बताउनु भयो ।
इन्सेक दाङ जिल्ला प्रतिनिधि जयनारायण पुनका अनुसार लकडाउनका क्रममा अत्यावश्यकीय सवारी पासकालागि ई-पासको व्यवस्था गरिएको छ । जिल्ला प्रशासन कार्यालयले पास लिनका लागि  निवेदन दिन प्रशासन कार्यालयमा  आउनुपर्ने र कोरोना भाइरस सङ्क्रमणको  जोखिम बढेको भन्दै सामाजिक दुरी कायम गर्न वैशाख ३ गते देखि ई-पासको व्यवस्था गरेको छ ।
दाङमा हालसम्म कोरोनाको सङ्क्रमणको आशङ्कामा बेलझुण्डीस्थित कोरोना विशेष अस्पतालमा रहेका ९ जना मध्ये आठ जनाको स्वाव परीक्षण रिपोर्ट नेगेटिभ आएको र एक जना रिर्पोट आउन बाँकी रहेको कोरोना विशेष अस्पतालका सूचना अधिकारी कमल चन्दले बताउनु भयो ।
हाल जिल्लामा ४६ जना क्वारेण्टाइनमा रहेका छन् ।ककक
इन्सेक गुल्मी जिल्ला प्रतिनिधि टोपलाल अर्यालका अनुसार जिल्ला प्रशासन कार्यालयले लकडाउनलाई थप प्रभावकारी बनाउन सवारी पासमा कडाइ गर्दै वैशाख २ गतेसम्मका सबै पास बदर गरेको छ । वैशाख ३ गतेदेखि ई-पासको व्यवस्था गरेर अत्यावश्यक सवारी साधनलाई आवत जावत गर्न दिने निर्णय भएको जिल्ला प्रशासन कार्यालयका सूचना अधिकारी लक्ष्मण पाण्डेयले बताउनु भयो ।
जिल्लाका स्थानीय तहहरुले सरकारले लक डाउनको समय बढाउँदै गएपछि आउन सक्ने खाद्यान्न सङ्कटका बारेमा चासो दिन थालेका छन् ।
धुर्कोट गाउँपालिकाले किसानलाई कृषिमा थप उत्साहित बनाउन अनुदानको घोषणा गरेको छ । बाँझो जग्गामा सुन्तला, कागती तथा अन्य फलफुल खेती गरेमा प्रति रोपनी ३ हजार अनुदान, बाँझो जग्गामा अन्न तथा तरकारी बाली वा मसलेदार खेती गरेमा प्रति रोपनी ४ हजार अनुदान उपलब्ध गराउने निर्णय गाउँ कार्यपालिकाको बैठकले गरेको प्रमुख भुपाल पोखलेलले बताउनु भयो ।

हालेसम्म जिल्लाका १२ स्थानीय तहले करिब १३ हजार घर परिवारलाई  पहिलो चरणको राहत वितरण गरेका छन् । जिल्ला स्वास्थ्य कार्यालयले मदाने, धुर्कोट र गुल्मी दरबार गाउँपालिकाको क्वारण्न्टाइनमा रहेका २३ जनाको परीक्षण र रिर्पोट नेगेटिभ आएपछि घर पठाएको छ ।

बर्दिया इन्सेक जिल्ला प्रतिनिधि मानबहादुर चौधरीका अनुसार जिल्लाका विभिन्न ३० क्वारेण्टाइनमा रहेका २ सय ५६ जनाको आरडिटी परीक्षण र  १७ जनाको स्वाव परीक्षण रिर्पोट नेगेटिभ आएको छ । आइसोलशनमा बसेका ६ जनाको स्वाव परीक्षण रिर्पोट नेगेटिभ आएपछि  होम क्वारेण्टाइनमा पठाइएको छ । जिल्ला अस्पतालको आइसोलेशनमा एक जना रहेका छन् । जिल्लामा हालसम्म स्थानीय तहले ९ हजार १ सय ९५ जनालाई खाद्यान्न वितरण गरेका छन् ।

इन्सेक रुकुम (पूर्व) जिल्ला प्रतिनिधि जयमान बुढा मगरका अनुसार, कोरोना भाइरस सङ्क्रमण हुन नदिन क्वारेन्ण्टाइनमा राखिएका र विदेशबाट आएकाको ४० जनाको आरडीटी परीक्षण गरिने भएको छ । सङघीय सरकारको स्वास्थ्य मन्त्रालयले पठाएको ४० थान वैशाख  २ गते जिल्लामा आइपुगेको छ । जिल्लामा यस अघि देशका विभिन्न ठाउँबाट आएका ३६ जनालाई सिस्ने गाउँपालिका-५ रुक्मिणी माविमा बनाइएको क्वारेण्टाइनमा राखिएको थियो । उनीहरूलाई १४ दिनको अवधि पूरा भएपछि चैत २६ गते घर पठाइएको थियो । हाल उहाँहरू होम क्वारेण्टाइनमा बसेका छन् । भारत लगायत तेस्रो मुलुकबाट जिल्ला भित्रिएर क्वारेण्टाइनमा बसेका १४ देखि २१ दिन पुगेकाको नमूना परीक्षण गरिने भएको छ  ।

जिल्लामा करिब २  सय मानिस भारत लगायत तेस्रो मुलुकबाट जिल्ला भित्रिएको हुन सक्ने बताइएको भएपनि १ सय ६ जनाको मात्र तथ्याङ् उपलब्ध छ ।

इन्सेक पाल्पा जिल्ला प्रतिनिधि यज्ञमूर्ति तिमिल्सिनाका अनुसार जिल्लामा लकडाउनको पूर्ण कार्यान्वयन भएको छ । लकडाउनको कडाइका लागि प्रहरी परिचालन गरिएको छ । लकडाउन उल्लङ्घन गरि सवारी चलाउनेहरूलाई प्रहरीले  नियन्त्रण लिइएको छ ।

जिल्लाको लकडाउन प्रभावकारी कार्यान्वयन गर्न ड्रोनबाट समेत अनुगमन गरिन लागिएको छ । कोरोना नियन्त्रण तथा उपचार सहयोग सहजीकरण समिति पाल्पाको वैशाख ३ सम्पन्न बैठकले लकडाउनलाई कडाइका साथ लैजाने निर्णय गरेको हो ।

यसैगरी वैशाख १ गतेदेखि विदेशबाट फर्किएको तथ्याङ्क अद्यावधिक गर्ने र उनीहरूको स्वास्थ्य अवस्थाका बारेमा जानकारी माग गर्ने निर्णय गरेको छ ।

इन्सेक प्रदेश ५ कार्यालय, नेपालगञ्ज